# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# ०१ जेठ २०८१

# मङ्गलवार

# बैठक सङ्ख्या- २

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १७:५३ बजे प्रारम्भ भयो ।

**(१७:४३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिनुभएको)।

**(१७:४३ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, यहाँहरूको विषय के हो? आज हामीसँग धेरै कार्यसूचीमा पनि छैन केही। एउटै मात्र महत्त्वपूर्ण अन्तर्राष्ट्रियस्तरमा एउटा महत्त्व राख्ने विषय कार्यसूचीमा रहेको छ। देशको एउटा प्रमुख व्यक्तित्वको रूपमा रहनुभएका सम्माननीय राष्ट्रपतिज्यूले हाम्रो दुवै सदनलाई जुन सम्बोधन गर्नुभो' नीति तथा कार्यक्रम दिएर, त्यसको लागि हामीले धन्यवाद ज्ञापन गर्ने मात्रै कार्यसूचीमा रहेको विषय भएको हुनाले हामी यसलाई चाहिँ अगाडि बढाउन म विशेष आग्रह गर्छु। यो अन्तराष्ट्रियस्तरमै चाहिँ रहेको विषय भएको हुनाले। त्यसले गर्दा म माननीय सदस्यहरूलाई आफ्नो स्थानमा बसेर त्यो एउटा धन्यवाद ज्ञापन गर्ने कार्यसूचीलाई अगाडि बढ्न मद्दत गर्नुहुनेछ भन्ने मैले अपेक्षा नि गरेको छु र

त्यहीअनुसार चाहिँ म माननीय सदस्यहरूलाई आआफ्नो स्थानमा आसन ग्रहण गर्दिन हार्दिक अनुरोध गर्दछु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

(१७:४५ बजे) **सम्माननीय अध्यक्ष**:- हुन्छ। छोटकरीमा आफ्नो विषय राख्न अनुरोध गर्छु।

(१७:४५ बजे) **माननीय श्री कृष्ण बहादुर रोकाय (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, हामीले लामो समयदेखि लाखौं जनताको बचतकर्ता मानिसहरूको चाहिँ रकम हिनामिना, अपचलन र चाहिँ ठगी कार्यमा नेपाल सरकारका गृहमन्त्री, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने संलग्न भएको घटना यहाँहरू सबैलाई जानकारी छ। र नेपालीको लामो समयदेखि प्रतिनिधिसभामा सहकारी समस्याबारे संसदीय छानबिन समिति गठन गर्न माग उठाइरहेको भए पनि नेपाल सरकार यस्तो गम्भीर विषयमा संवेदनशील नभएको सहकारी पीडितप्रति अनुदार हुँदै सहकारीको रकम दुरूपयोग, हिनामिना, अपचलन गर्ने व्यक्ति र समूहलाई बचाउन लागेको देखियो। सरकारको गैरजिम्मेवार र असंवेदनशीलता चरित्रले समस्या छानबिन समितिको आवश्यकतालाई अन्य थप चाहिँ पुष्टि गरेको छ। त्यसकारण सम्माननीय अध्यक्ष महोदय जबसम्म छानबिन समिति, संसदीय छानबिन समिति गठन हुँदैन, तबसम्म संसदको कुनै पनि कारबाही अगाडि बढ्दैन।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

(१७:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, यहाँ बैठकमा सम्माननीय प्रधानमन्त्रीको उपस्थिति छ। अन्य वरिष्ठ मन्त्रीहरू पनि यहाँ उपस्थित हुनुहुन्छ। यो विषयप्रति गम्भीर ध्यानाकर्षण भएकै छ। र अर्को विषय जुन माननीय मन्त्रीसँग जोडिएको, प्रधानमन्त्रीसँग जोडिएको विषय हो, त्यो प्रतिनिधिसभाको विषय, अलि बढी प्रतिनिधि सभाको विषय हुन सक्छ। राष्ट्रिय सभा आफैंमा एउटा गौरवमय इतिहास बोकेको सभा पनि हो। योसँग जोडिएको विषय भनेको राष्ट्रिय गौरवका विषय बढी हुन्छन्। र हामीले यसलाई त्यही रूपमा बुझ्ने गरेको पनि हो

र बुझेका पनि छौं र अहिलेसम्म राष्ट्रिय सभालाई त्यही रूपमा बुझ्ने स्थानमा हामी सबैले पुर्‍यायौं। तर आज जुन ढङ्गले एउटा राष्ट्रियस्तरकै एउटा सम्माननीय राष्ट्रपतिज्यूले गर्नुभएको सम्बोधनलाई धन्यवाद दिनको निम्ति मात्रै यो कार्यक्रम रहेको हुनाले म फेरि पनि माननीय सदस्यहरूलाई आआफ्नो स्थानमा आसन ग्रहण गरेर कार्यक्रमलाई अगाडि बढाइदिनको निम्ति म विशेष आग्रह गर्न चाहन्छु।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो स्थानमा उभिइरहनुभएको)।

**(१७:४८ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, माननीय सदस्यहरूलाई अनुरोध गर्दा पनि त्यो अनुरोधलाई मैले अझै पनि विशेष रूपले सम्बोधन गर्दिन अनुरोध गर्छु। अब मात्र धन्यवाद दिनुपर्ने एउटा विषय सम्माननीय राष्ट्रपतिज्यूलाई। त्यो पनि हामीले दिन नपाउँदा अलिकति चाहिँ राष्ट्रिय सभाको कारबाहीलाई अगाडि बढाउँदै जाने क्रममा चाहिँ अलि अप्ठ्यारो, कता कता नमिठो स्थिति पैदा भएको छ। त्यसले गर्दा अब मैले माननीय सदस्यहरूलाई कम से कम राष्ट्रपतिज्यूलाई धन्यवाद ज्ञापन गर्ने सम्मको एउटा चाहिँ कार्यसूचीमा रहेको विषयलाई अगाडि बढाउन अनुरोध गरें।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८१ साल जेठ ३ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

(तदनन्तर, अर्को बैठक २०८१ साल जेठ ३ गते बिहीबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगित: १५:४९ बजे।**